नेपाली राजदूतावास
संयुक्त अरब ईमिरेटस
**Embassy of Nepal**
**United Arab Emirates**

سفـــارة نـيـبـــال
دولة الأمارات العربية المتحدة

*Ref.*

الاشارة

<u>विषय: गणतन्त्र दिवस समारोह मनाइएको बारे ।</u>

गणतन्त्र दिवसको उपलक्ष्यमा नेपाली राजदूतावास, अबुधावीको तर्फबाट आज महामहिम श्री अर्जुनबहादुर थापाको निवासमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

संयुक्त अरब इमिरेट्समा बसोबासरत विभिन्न पेशा तथा नेपाली संघ संगठनहरुसँग सम्बन्धित प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रम गणतन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति सम्मान जनाउँदै एक मिनेट मौन धारण गरी शुरु गरिएको थियो ।

उक्त कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नु हुँदै महामहिम राजदूत श्री अर्जुनबहादुर थापाले गणतन्त्र दिवसले नेपाली-नेपाली बीच एक्यबद्धता र भाइचाराको भावनामा अभिवृद्धि ल्याओस् भन्ने शुभकामना व्यक्त गर्दै शहीदहरुको सपना साकार गराउनको लागि विदेशमा रहने नेपालीहरुको विशेष भूमिका रहनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमको शुरुवातमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्दै उपनियोग प्रमुख श्री मोहनकृष्ण श्रेष्ठले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको संचालन प्रथम सचिव प्रकाशमणि पौडेलले गर्नुभएको तथा अतिथि सत्कारको व्यवस्थापन तृतीय सचिव श्री जीतेन्द्र लाभले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । अन्तरक्रिया पश्चात् एक चियापान कार्यक्रमको पनि आयोजना गरिएको थियो ।

यसै उपलक्ष्यमा नेपाली राजदूतावासले नेपालको पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले आजैदेखि २ हप्ताको लागि दिनको करिब ४० हजार आगन्तुकहरु आउने अबुधावी मलका विभिन्न २० वटा मल्टीमिडिया स्क्रीनहरुमा नेपालको पर्यटन सम्बन्धी दृश्य सामग्रीहरुको प्रदर्शन गर्ने कार्यक्रम मिलाएको छ । प्रस्तुत प्रदर्शनीबाट नेपालको पर्यटन प्रबर्द्धनमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ ।

हिजोदेखि नै ३ दिनका लागि दूतावास तथा कूटनीतिक पदाधिकारीहरुको निवासमा साँझ दीपावली गरिएको र दीपावली भोलिसम्म जारी रहनेछ ।

नेपाली राजदूतावास, अबुधावी
संयुक्त अरब इमिरेट्स

मिति २०६६।२।१५

ص. ب : ٣٨٢٨٢ – أبوظبي – الامارات العربية المتحدة – هاتف : ٦٣٤٤٣٨٥ / ٠٢-٦٣٤٤٧٦٧ – فاكس : ٠٢-٦٣٤٤٤٦٩
P. O. Box : 38282 - Abu Dhabi - United Arab Emirates - Tel. : 02-6344767 / 6344385 - Fax : 02-6344469
E-mail : nepemuae@emirates.net.ae : البريد الالكتروني